मिति २०८२ साल असोज महिनाको ०८ गते बुधबारको दिन यस जुगल गाउँपालिकाको कार्यपालिका बैठक गाउँपालिका अध्यक्ष श्री रेशम स्याङ्वोज्यूको अध्यक्षता र देहाय बमोजिमको सदस्यहरुको उपस्थितिमा निम्न बमोजिमको निर्णय गरी सम्पन्न गरियो।

उपस्थिति

| क्र.सं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १. | श्री रेशम स्याङ्वो (गा.पा. अध्यक्ष) | अध्यक्ष | |
| २. | श्री हिमाल कुमार श्रेष्ठ (गा.पा. उपाध्यक्ष) | उपाध्यक्ष | |
| ३. | श्री जनक बहादुर तामाङ (१ नं वडा अध्यक्ष) | सदस्य | |
| ४. | श्री चन्द्रकाजी लामा (२ नं वडा अध्यक्ष) | सदस्य | |
| ५. | श्री लक्ष्मान लामा दोङ (३ नं वडा अध्यक्ष) | सदस्य | |
| ६. | श्री प्रेम तामाङ (४ नं वडा अध्यक्ष) | सदस्य | |
| ७. | श्री रविन्द्र घिमिरे (५ नं वडा अध्यक्ष) | सदस्य | |
| ८. | श्री टंक तामाङ (६ नं वडा अध्यक्ष) | सदस्य | |
| ९. | श्री रवि तामाङ (७ नं वडा अध्यक्ष) | सदस्य | |
| १०. | श्री सुनमाया सुनार | सदस्य | |
| ११. | श्री हेलामो तामाङ | सदस्य | |
| १२. | श्री सञ्जु नेपाली | सदस्य | |
| १३. | श्री दावा सिङ्वो शेर्पा | सदस्य | |
| १४. | श्री माया वि.क. | सदस्य | |
| १५. | श्री कविता माया श्रेष्ठ | सदस्य | |
| १६. | श्री लोक बहादुर वि.क. | सदस्य सचिव | |

लोक बहादुर वि.क.
प्रमुख प्रशासकीय अधिकृत

जुगल गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बराम्ची, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल
२०७३

प्रस्तावहरुः

१. हाइड्रोपावरसँग सम्बन्धित स्थानीय माग उपर छलफल सम्बन्धमा।
२. चाडपर्व (दशैं/तिहार) लक्षित सडक सरसफाई गर्ने सम्बन्धमा।
३. उपभोक्त समिति मार्फत बजेट कार्यान्वयन सीमा तोक्ने सम्बन्धमा।

लोक बहादुर वि.क.
प्रमुख प्रशासकीय अधिकृत

जुगल गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बराम्ची, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल
२०७३

निर्णयहरु:

निर्णय नं.१

प्रस्ताव नं.१ माथि छलफल गर्दा यस जुगल गाउँपालिका भौगोलिक क्षेत्रभित्र निर्माण सम्पन्न तथा निर्माणाधिन हाइड्रोपावर प्रोजेक्टको कारण प्रभावित स्थानीयको समूहको माग सम्बोधनको लागि मिति २०८२/०६/०८ गते गाउँपालिका र स्थानीय समूह बीच बसेको समन्वयात्मक बैठकले सिफारिस गरे बमोजिम गाउँपालिका हाइड्रोपावर र स्थानीय समूहबीच त्रिपक्षीय बैठक यस वर्षको तिहार पछि तत्काल बस्ने निर्णय गरियो।

निर्णय नं.२

प्रस्ताव नं.२ माथि छलफल गर्दा यस जुगल गाउँपालिकाका सातै वडामा वडाबाट विनियोजित बजेटबाट वर्षायामका कारण अवरुद्ध भएका सडकहरुमा सवारी साधन सहज रूपमा सञ्चालन हुनसक्ने गरी चाडपर्व (दशैं/तिहार) लक्षित सडक सरसफाई कार्य गर्ने र सो कार्यको लागि वडाबाट विनियोजित बजेट अपुग भएमा आवश्यक अतिरिक्त रकम गाउँपालिकाले व्यहोर्ने र सडक सरसफाई कोटेशन विधिबाट गर्ने निर्णय गरियो।

निर्णय नं.३

प्रस्ताव नं.३ माथि छलफल गर्दा यस जुगल गाउँपालिकाको यस वर्षको वार्षिक योजनामा स्वीकृत भौतिक पूर्वाधार विकास योजना अन्तर्गत रु.२०,००,०००।–(अक्षरेपी रु बिस लाख रुपैयाँ मात्र।) सम्मको बजेट उपभोक्ता समिति मार्फत कार्यान्वयन गराउने निर्णय गरियो।

जुगल गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बराम्ची, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल
२०७३

लोक बहादुर वि.क.
प्रमुख प्रशासकीय अधिकृत